# जिल्ला विकास समितिको कार्यालय, ताप्लेजुङ

२७. **बक्यौता** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ११४बमोजिम अधिकार प्राप्त अधिकारीले आन्तरिक लेखापरीक्षण गराएर लेखा र आर्थिक विवरण पेश गरी अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । तर सुकेटार विमानस्थलबाट ताप्लेजुङ सदरमुकाम बजारसम्मको ७ किलोमिटर मोटर बाटो ग्राभेल गर्ने कार्यको लागि रु.१५ लाख खर्च लेखेकोमा निर्माण सम्बन्धी प्रमाण कागजात पेश भएन ।

२८. **कार्यसम्पन्न** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७०(ग) अनुसार उपभोक्ता समितिले गरेको निर्माण कार्यको अन्तिम किस्ता भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्था छ । तर काठेपुल, बाटो, बाल आवासगृह र विद्यालयको ५ कार्यक्रममा अन्तिम किस्ता सहित रु.७ लाख ६६ हजार खर्च लेखेकोमा कार्यसम्पन्न प्रतिवेदन तयार नगरी भुक्तानी गरेको नियमसम्मत देखिएन ।